बारपाक सुलिकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

# आगामी आ.ब. २०७७।०७८को योजना तर्जुमा र प्राथामिकरण गर्ने सम्बन्धमा वडा समितिलाइ दिएको १६ बुदे निर्देशन पत्र

बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोभिड – १९ ले मानव सभ्यता माथी अभुतपुर्ब संकट पैदा भएको छ। यसरी सम्पुर्ण बिश्व समुदायको पहिलो प्राथामिकता नै कोभिड- १९ बाट मानव समुदायलाइलाइ कसरी संरक्षण गर्ने बिषय नै तय भएको र नेपालका तिन तहका सरकारहरु संघ प्रदेश र स्थानिय तहले आफ्नो सिमित स्रोत साधनका बावजुत समेत कोभिड बिरुद्ध अहोरात्र खटिरहेका छन। कोभिड – १९ ले मानविय संकटलाइ चुनौती दिएको दिएको त छदै छ त्यस भन्दा डर लाग्दो रुपमा रुपमा आर्थिक संकट सन्निकट रुपमा प्रकट हुदै छ जसले मानबिय संकटलाइ झन गहिरोहरुमा धकेलिरहेको तथ्य उजागर गर्दै छ। नेपाल सरकारले मिति २०७६।१२।११ गतेबाट कोभिड – १९ को सक्रमणलाइ नियन्त्रण तथा रोकथाम गर्नको लागि बन्दाबन्दी गरेको कुरा समेत अबगत नै छ जसले सबै जसो क्षेत्रहरुमा लगाइएका प्रतिबन्धको कारणले गर्दा आर्थिक क्षेत्र निकै धरासयी भएको र आर्थिक क्रियाकलाप सङ्कुचित हुदै गर्दा सरकारको आम्दानी पनि सङ्कुचन हुदै गएको छ। आ.व. २०७६।७७ नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट बारपाक सुलीकोट गाउपलिकालाइ प्राप्त हुने भनिएको अन्तर सरकारी बित्तिय हस्तान्तरण परिमाण समेतमा चालिस प्रतिशतले गिरावट हुने अनुमान छ। अब यस्तो परिपेक्षमा हामी आ.ब. २०७७।७८ को निति कार्यक्रम र बजेट तर्जुमाको संघारमा रहेका छौ। कोभिड -१९ बिरुद्धको लडाइ तत्काल समाप्त हुने कुनै संकेत नआएको र सो लडाइ अलि लामो हुने र यस बिरुद्ध लड्नको लागी त्यस क्षेत्रमा स्थानिय सरकारलाइ निकै ठुलो स्रोतको आवश्यक हुने आगामी आ.व.मा कोरोना बिरुद्धको लडाइमा प्रयाप्त स्रोत बिनियोजना गर्न आवश्यक रहेको सबै महसुस गरिएको कुरा भयो अनि त्यसपछी आर्थिक ब्यवसाय घरासयी हुदा त्यस्ता ब्यवसायीहरुलाइ राहत दिइ टाट पल्टनबाट बचाउनु अनौपचारिक असङ्गठित र बैदेशिक रोजगारीमा रहका नागरीकहरुलाइ समेत राहत दिइ संरक्षण गर्नुपर्ने अबस्था छ। एकातिर संकटलाइ पार लगाउन मौजुदा स्रोत भन्दा बढी स्रोतको माग छ भने अर्को तिर स्रोतमा निकै ठुलो सङ्कुचन हुने देखिन्छ। यस्तो अबस्थामा सो बिषयलाइ तादम्यता मिलाउन निकै चुनौती रहेको अबस्था छ। साथै यस्तो अबस्थामा सालबसाली अनिबार्य दायित्व अन्तरगत पर्ने प्रशासनिक चालु खर्च समेत धान्न गाह्रो पर्ने अबस्थामा नया दायित्व सृजना हुने गरी योजना राख्न नसकिने संबेदनशिलतालाइ ध्यान दिन समेत गाउपालिका सम्पुर्ण वडा कार्यलयहरुलाइ अपिल गर्न चाहन्छौ।

यसरी आगामी आर्थिक बर्षको लागी भनेर संघिय सरकार गण्डकी प्रदेश सरकारले दिने भनिएको अन्तर सरकारी बित्तिय हस्तान्तरणको परिमाण समेत यस्तै स्थिति असामान्य रहिरहेको अबस्थामा पुरा अंश आउन नसक्ने कुरा सामान्य हिसावले समेत अनुमान गर्न सकिन्छ। स्रोत अनुमान गर्न समेत निकै अप्ठारो तथा अनिबार्य आर्थिक



प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भट्ट
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भट्ट
अध्यक्ष

दायित्वको पक्षमा चाप परेको अबस्थामा स्रोत प्राप्ती र बिनियोजनमा कुसलता कसरी ल्याउने अर्को समस्या छ। साथै अबको केही दिनमा नेपाल सरकारले तेस्रो मुलुकमा बैदेशिक रोजगारमाबाट फर्कन चाहने नागरिकहरुलाइ उद्धार गर्ने प्रकिया सुरु गर्ने भनिएको छ।यसरी हाल भारतबाट उद्धार गरिएका सिमित नागरिकलाइ क्वारेन्टाइन ब्यवस्थापन स्वास्थ्य परिक्षण औषधी उपकरण खरिद सुरक्षीत घर लैजाने जस्ता पक्षमा गाउपालिकालाइ स्रोतको अभावमा निकै ठुलो सकस परि रहेको अबस्थामा तेस्रो मुलुकबाट नागरिक नेपाल ल्याउदा ब्यवस्थापनमा कति अप्ठोरो पर्ने हो जुन कल्पना गर्न समेत गाह्रो छ।

स्थानिय तहको योजना तर्जुमा गर्दा संबिधान स्थानिय सरकार सन्चालन ऐन २०७४ अन्तरसरकारी बितिय ब्यवस्थापन ऐन २०७४ प्राकृतिक स्रोत साधन तथा बित्त आयोग ऐन २०७४ स्थानिय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शनले मापदण्ड तोकेको छ सो आधारहरु सामान्य परिस्थितिको कल्पना गरेर बनाइएको बर्तमान अबस्थामा अहिलेको असामान्य अबस्थामा पुर्ण रुपमा आर्कषित नहुन पनि सक्छन त्यस कारण अहिलो पहिलो प्रथामिकता कोभिड – १९ ले सृजना गरेको संकटलाइ सामना गर्ने बिषय नै आम बुझाइ नै रहेको देखिन्छ।

यसरी अब आगामी दिनमा स्थानिय सरकारका प्राथामिकता समेत बदल्न आबश्यक पर्ने देखिन्छ। अबको प्राथामिकता भनेको स्वास्थ्य सुरक्षा , राहत, कृषी , शिक्षा र रोजगारी सृजना नै हुन। तसर्थ यस असामान्य परिस्थितिमा हिजोको प्रचलन झै सामान्य हिसावले योजना तर्जुमा गर्न हामीलाइ छुट समेत नभएको अबस्थामा आगामी आर्थिक आर्थिक बर्षमा यस बारपाक सुलीकोट गाउपालिकामा अबस्थित ८ वटै वडाहरुले बार्षिक योजना तर्जुमा गर्दा देहायबमोजिमका बुदाको निर्देशन आधारमा योजना छनौट र प्रथामिकरण गर्न सम्पुर्ण वडा समितिलाइ जानकारी गराउद छौ।

१. धेरै महत्वकाक्षी योजना नबनाइ कोभिड- १९ सम्बेदनशिल योजना बनाउनुहुन।
२. सिचाइ तथा खानेपानीमा बाहेक अन्य कुनै पनि बिषयमा नया दायित्व सृजना हुने बिषयमा योजना तर्जुमा नगर्नुहुन ।
३. योजना छनौट गर्दा प्रत्येक वडामा एउटा योजना दश लाख रुपैया नघट्ने गरी बाकी दूइ बटा योजना कम्तिमा पाच लाख नघट्ने गरि तर्जुमा गर्नुहुन।
४. रोजगारी सृजना र गरिबि निवारणलाइ सहयोग पुर्याउन खालका योजना तर्जुमा गर्ने
५. श्रम प्रधान प्रबिधिबाट कार्यन्वयन गर्न सकिने योजना बनाउन हुन।
६. योजना छनौट गर्दा एक पक्षको योजनाले अर्को पक्षलालाइ सहयोग पुर्याउने योजना जस्तै सिचाइ योजना छनौट गर्दा जसले कृषी क्षेत्र लाइ अगाडी बढाउन मद्दत गर्छ।
७. उत्पादकत्व र उत्पादन लाइ अभिबृद्धि गराउने योजनाहरु समाबेश गर्नुहुन।
८. बिपद ब्यवस्थापनलाइ आन्तरिकरण गर्ने योजना हरु समाबेश गर्नुहुन।
९. स्थानिय स्रोत साधनको प्रयोग हुने योजनाहरुलाइ प्राथामिकता दिनुहुन।

बारपाक सुलीकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भट्ट
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

बिष्णु प्रसाद भट्ट
अध्यक्ष

१०.स्थानिय श्रम पुजी प्रबिधि र सीप माफत  कार्यन्वयन गर्न सकिने योजनाहरु समाबेश गर्नुहुन ।

११.गरिबीको रेखामुनी रहेका जनाताको आम्दानी र जिवनस्तर लाइ परिबर्तन गराउने खालका योजनाहरुलाइ स्थान दिनुहुन ।

१२.कृषी बजार कृषी उपज कृषीको उत्पादकत्वलाइ बढाव  दिनको  पुर्बाधार सम्बन्धि योजनाहरु समाबेश गर्नुहुन

१३.सिमान्तकृत पिछडीएको बर्ग किसानको क्षमता बिकाश गर्ने खालका योजनाहरुलाइ समाबेश गर्नुहुन ।

१४.छिटो प्रतिफल र दिगो बिकाशलाइ टेवा दिने कार्यक्रमहरु ।

१५.स्रोत छर्ने नभइ स्रोतलाइ एकिकृत गर्ने योजाहरुलाइ समाबेश गर्न हुन ।

१६.राष्ट्रिय र प्रादेशिक लक्ष्य र रणनितिलाइ योगदान दिने खालका योजनाहरु समाबेश गर्नहुन ।

अत : यसरी माथी उल्लेखित आधार मापदण्ड र बजेट सिमाको आधारमा वडा तहमा योजना संकलन छनौट प्रथामिकरण गरी गाउपालिकालाइ सिफारिस गर्नुहुन र सो बमोजिमको आधार र मापदण्ड नअपनाइ योजना गाउपालिकामा सिफारिस गरि आएको खण्डमा आगामी आर्थिक बर्षको निति कार्यक्रम र बजेटमा राख्न नसकिने ब्यहोराको  यो १६  बुदे निर्देशन पत्र  पठाएकोले सोही निर्देशन अनिबार्य रुपमा पालन गर्नहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत
गौतम भण्डारी
प्रमुख प्रशासकिय अधिकृत

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

बिष्णुप्रसाद भट्ट
अध्यक्ष

बिष्णु प्रसाद भट्ट
अध्यक्ष

इति सम्बत २०७७ साल जेठ ३२ गते रोज १ शुमम्